आकाशवाणी समाचार- नेपाली
मितिः २५ सितम्बर २०२४
समयः ०७.२५ – ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. केन्द्रमा मोदी सरकारले आफ्नो तेस्रो कार्यकालको १०० दिन पूरा गरेको छ।
२. प्रधानमन्त्री नरेन्द्र मोदीको सफल अमेरिका भ्रमणका लागि केन्द्रीय मन्त्रीहरू अनि एनडीएका विभिन्न नेताहरूले बधाई दिएका छन्।
३. जम्मू कश्मीरमा दोस्रो चरणको विधानसभा चुनावका लागि आज २६ विधानसभा सीटहरूमा बिहान ७ बजेदेखि शुरु भएको छ।
४. वित्त मंत्री निर्मला सीतारमणले उज्वेकिस्तानका निवेश, उद्योग अनि व्यापार मन्त्री लाजिज कुद्रातोभबीच समरकन्दमा भेटवार्ता गर्नु भएको छ।
५. सर्वोच्च अदालतले पञ्जाबका मेडिकल कलेजहरूमा अप्रवासी भारतीय (एनआरआई) कोटा विस्तार गरेकोमा निन्दा गरेको छ।

**मोदी सरकार 100 दिन**

केन्द्रमा मोदी सरकारले आफ्नो तेस्रो कार्यकालको १०० दिन पूरा गरेको छ। सरकारले यस अवधिमा पूर्वाधार, किसान, मध्यम वर्ग, महिला र युवाहरूको लागि 15 लाख करोड भन्दा बढीको परियोजनाहरू सुरु गरेको छ। एक रिपोर्ट

BYTE

****** ० ******

**प्रधानमन्त्री नरेन्द्र मोदी**

प्रधानमन्त्री नरेन्द्र मोदी अमेरिकाको सफल भ्रमणपछि हिज नयाँ दिल्ली आइपुग्नु भयो । हाम्रो संवाददाताले बताए अनुसार आफ्नो व्यापक र व्यस्त कार्यक्रम अवधि प्रधानमन्त्रीले डेलावेयरको विल्मिङ्टनमा छैटौं वार्षिक क्वाड लिडर्स शिखर सम्मेलनमा भाग लिनु भयो र न्यूयोर्कमा संयुक्त राष्ट्र महासभामा 'भविष्यका लागि शिखर सम्मेलन' लाई सम्बोधन गर्नुभयो।

BYTE

****** ० ******

**एनडीए नेता-प्रधानमंत्री यात्रा प्रतिक्रिया**

प्रधानमन्त्री नरेन्द्र मोदीको सफल अमेरिका भ्रमणका लागि केन्द्रीय मन्त्रीहरू अनि एनडीएका विभिन्न नेताहरूले बधाई दिएका छन्। यो भ्रमणले प्रधनमन्त्री नरेन्द्र मोदीको कूटनीतिको सिद्धान्तलाई अझ बलियो बनाएको केन्द्रीय गृहमन्त्री अमित शाहले सामाजिक सञ्जाल पोस्टमा उल्लेख गर्नु भएको छ । यसले भारतलाई विगत १० वर्षमा दिगो विकासका उदाहरणहरू मार्फत विश्वव्यापी परिवर्तन निर्माताको भूमिकामा पुऱ्याएको बताउनु भएको छ । केन्द्रीय मन्त्री तथा भाजपा अध्यक्ष जगत प्रकाश नड्डाले प्रधानमन्त्री मोदीको अमेरिका भ्रमण स्तर र नतिजाका हिसाबले महत्त्वपूर्ण र उल्लेखनीय रहेको बताउनु ह्हेको छ । बिहारका मुख्यमन्त्री तथा जनता दल–एसका अध्यक्ष नितिश कुमारले अमेरिकी भ्रमणका क्रममा दुई देशबीचको लगानी बढाउने निर्णय स्वागतयोग्य कदम भएको बताउनु भएको छ । श्री कुमारले सामाजिक सञ्जाल पोस्टमा भन्नु भएको छ, बिहारका जनता श्री मोदीको भ्रमणका क्रममा गरिएका घोषणाहरू र उनीहरूबाट आउने नयाँ अवसरहरूबाट उत्साहित छन्। केन्द्रीय मन्त्री तथा जेडीएस नेता एचडी कुमारस्वामीले प्रधानमन्त्री नरेन्द्र मोदीको सफल अमेरिका भ्रमणको लागि बधाई दिनुहुदै स्वागत गर्नु भएको छ । श्री कुमारस्वामीले भन्नु भयो, तीन दिनको अवधिमा श्री मोदीले परमाणु ऊर्जा, सर्वाइकल कैंसर वैक्सीन, सेमी कन्डक्टरहरू, एआई, इन्डो-प्यासिफिक आर्थिक रूपरेखा, हाम्रो सांस्कृतिक सम्पदाको पुन: प्राप्ति र अन्य धैरै विषयहरूमा महत्त्वपूर्ण सम्झौताहरू गरेको

बताउनु भयो। महाराष्ट्रका मुख्यमन्त्री तथा शिव सेनाका नेता एकनाथ शिन्देले प्रधानमन्त्री नरेन्द्र मोदीको अमेरिका भ्रमणले उहाँ किन उत्कृष्ट विश्वव्यापी राजनीतिज्ञ हुनुहुन्छ भन्ने कुराको फेरि उदाहरण दिनु भएको बाताउनु भएको छ।

****** ० ******

## जम्मू-कश्मीर- मतदान

जम्मू कश्मीरमा दोस्रो चरणको विधानसभा चुनावका लागि आज २६ विधानसभा सीटहरूमा मतदान हुँदैछ। मतदान बिहान ७ बजेदेखि शुरु भएको छ। मतदान प्रक्रियालाई शान्तिपूर्ण ढंगमा सम्पन्न गर्नका लागि व्यापक सुरक्षा व्यवस्था मिलाइएको छ। स्वतन्त्र, निष्पक्ष र स्वच्छ मतदानका लागि १ हजार ५६ सहरी र २ हजार चार सय ४६ ग्रामीण गरी ३ हजार ५ सय दुई मतदान केन्द्रमा वेबकास्टिङ सुविधा रहेको छ।नेशनल कन्फरेन्सका नेता तथा पूर्व मुख्यमन्त्री उमर अब्दुल्ला, कांग्रेस प्रदेश प्रमुख तारिक हमिद करारा, जम्मू कश्मीर भाजपा अध्यक्ष रविन्द्र रैना अनि अपनी पार्टीका अध्यक्ष अल्ताफ बुखारी प्रमुख नेता हुन् जसको चुनावी भाग्य आज तय हुनेछ। जम्मू कश्मीरमा तीन चरणमा चुनाव हुँदैछ। तेस्रो चरणको ४० सिटका लागि अक्टोबर १ मा मतदान हुनेछ भने मतगणना ८ अक्टोबरमा हुनेछ।

****** ० ******

## उपराष्ट्रपति जगदीप धनखर

उपराष्ट्रपति जगदीप धनखरले आज ग्रेटर नोएडामा उत्तर प्रदेश अन्तर्राष्ट्रिय व्यापार शो -UPITS को दोस्रो संस्करणको उद्घाटन गर्नु हुनेछ। पाँच दिवसीय ट्रेड शो यही महिनाको २९ तारिखसम्म चल्नेछ। कार्यक्रमले भियतनामलाई भागीदार देशको रूपमा उजागर गर्दै उत्तर प्रदेशको व्यापार र संस्कृतिलाई प्रदर्शन गर्नेछ। UPITS को पहिलो संस्करण गत वर्ष राष्ट्रपति द्रौपदी मुर्मुले उद्घाटन गर्नु भएको थियो।

****** ० ******

## वित्त मंत्री - उज्वेकिस्तान

वित्त मंत्री निर्मला सीतारमण अनि उज्वेकिस्तानका निवेश, उद्योग अनि व्यापार मन्त्री लाजिज कुद्रातोभबीच समरकन्दमा भेटवार्ता भएको छ। एसियाली पूर्वाधार लगानी बैंक-ए.आई.आई.बी.को बोर्ड अफ गभर्नरहरुको वार्षिक बैठक अघि दुवै मन्त्रीले आपसी व्यापार, विशेषगरी नवीकरणीय ऊर्जा, मल र औषधि उत्पादनका क्षेत्रमा छलफल गरेका थिए I दुई मन्त्रीबीच द्विपक्षीय लगानी नीतिमा सहमति भएको अर्थ मन्त्रालयले जनाएको छ। यसले स्वास्थ्य सेवा, आतिथ्य र पर्यटनका क्षेत्रमा लगानीकर्ताको विश्वास बढाउने दुवै देशको विश्वास छ।मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, दुई मन्त्रीहरूले रुपे कार्ड र यूपीआई प्रणाली सहित भारतमा डिजिटल भुक्तानी क्रान्तिको बारेमा पनि छलफल गरे। श्री कुद्रातोभले भारतको विकास यात्राको प्रशंसा गर्नु हुदै द्विपक्षीय व्यापार र सम्पर्कलाई अझ बढाउन आवश्यक रहेको बताउनु भयो।

****** ० ******

## राहुल- जम्मू-कश्मीर रैली

कांग्रेसका वरिष्ठ नेता राहुल गान्धीले आज जम्मू कश्मीरमा दुई चुनावी सभालाई सम्बोधन गर्नु हुनेछ। पार्टी अनुसार श्री गान्धीले पहिले पेशेवरहरूसँग कुराकानी गर्नु हुनेछ र त्यसपछि दिउँसो जेके रिसोर्ट मैदानमा एक र्‍यालीलाई सम्बोधन गर्नुहुनेछ। जम्मू कश्मीरमा विधानसभा चुनावमा नेसनल कन्फ्रेन्स–एनसी र कांग्रेसबीच प्रतिस्पर्धा भइरहेको छ। निर्वाचन पूर्व गठबन्धनको सर्त अनुसार कांग्रेसले ५२ र कांग्रेसले ३१ विधानसभा क्षेत्रमा प्रतिस्पर्धा गर्दैछ। उपत्यकामा सीपीआई-एम र जम्मु डिभिजनमा प्यान्थर्स पार्टीका लागि दुईवटा सिटहरू छोडिएको छ।

****** ० ******

## सर्वोच्च न्यायालय

सर्वोच्च अदालतले पञ्जाबका मेडिकल कलेजहरूमा अप्रवासी भारतीय (एनआरआई) कोटा विस्तार गरेकोमा निन्दा गरेको छ। यसलाई धोखाधडी भन्दै सर्वोच्च अदालतले यो कदमले गैरकानुनी भर्ना निम्त्याउने र मेधावी विद्यार्थीको भर्ना प्रक्रियामा बाधा पुर्‍याउने स्वीकार गरेको छ। सर्वोच्च अदालतले मेडिकल कलेजहरूमा अप्रवासी भारतीय (एनआरआई) कोटा विस्तार गर्ने पंजाब सरकारको अधिसूचनालाई खारेज गर्ने पञ्जाब र हरियाणा उच्च अदालतको आदेशलाई चुनौती दिने याचिकाहरू खारेज

गऱ्यो। सर्वोच्च अदालतका प्रधान न्यायाधीश डीवाई चन्द्रचुडको नेतृत्वको खण्डपिठले एमबिबिएस भर्नाका लागि एनआरआई कोटा विस्तार गर्ने अगस्ट २० को अधिसूचना खारेज गरेको थियो।

****** ० ******

**श्रीलंका राष्ट्रपति**

श्रीलंकाका राष्ट्रपति अनुरा कुमारा दिसानायकेले हिज अबेर राती श्रीलंकाको संसद विघटन गर्नु भएको छ । यसै वर्षको 14 नोवेम्बर महिनामा निर्वाचन हुने सूचना जारी गरिएको थियो । आगामी अक्टोबर ४ देखि ११ नामांकन प्राप्त हुनेछन्।श्रीलंकाको राष्ट्रपतिको प्रतिस्पर्धामा दिसानायके निर्वाचित भएका हुन् । उहाँको गठबन्धन नेशनल पीपुल्स पावरबाट वर्तमान व्यवस्थापिकामा जम्मा तीन सदस्य छन्, जसमध्ये प्रधानमन्त्री डा. हरिनी अमर सूर्यसहित दुई जना सदस्य उहाँको मन्त्रिमण्डलका हिस्सा छन्।

****** ० ******

**झारखंड शिवराज**

केन्द्रीय मन्त्री तथा झारखण्ड विधानसभा चुनावका प्रभारी शिवराज सिंह चौहानले हेमन्त सोरेन सरकार राज्यका युवाहरूलाई रोजगारी दिन असफल भएको बताउनु भएको छ । हिजो झारखण्डको बोकारोमा भएको परिवर्तन ऱ्यालीमा उहाले राज्यमा भारतीय जनता पार्टीको सरकार बनेपछि पहिलो बैठकमा दुई लाख ७५ हजार रिक्त पद भर्ने निर्णय गरिने बताउनु भयो । यसैबीच, मुख्यमन्त्री हेमन्त सोरेनले भाजपाले युवाहरूलाई भ्रमित गरेको आरोप लगाउनु भएको छ । श्री सोरेनले राज्यको चौतर्फी विकासका लागि सरकारले धेरै पहल चालेको स्पष्ट देख्न सकिने बताउनु भयो ।

****** ० ******

**वित्त कर**

सर्वोच्च अदालतले प्रत्यक्ष करसम्बन्धी 573 मुद्दाहरु निपत्यैसकेको वित्त मन्त्रालयले जनाएको छ । यी मुद्दाहरूमा अपील दर्ता गर्ने संशोधित मौद्रिक सीमा 5 करोड रुपैयाँभन्दा कम थियो। यो महत्वपूर्ण उपलब्धि कर मुद्दा कम गर्न र व्यवसाय गर्न सजिलो बनाउन सरकारले गरेको प्रयासअनुरूप भएको मन्त्रालयले जनाएको छ । केन्द्रीय बजेट 2024-25 ले कर न्यायाधिकरण, उच्च अदालत र सर्वोच्च अदालतमा प्रत्यक्ष कर, उत्पाद शुल्क र सेवा करसँग सम्बन्धित अपील दर्ता गर्नका लागि मौद्रिक सीमा बढाउने व्यवस्था गरेको छ।यसमा आयकर अपीलीय न्यायाधिकरणका लागि अपिल दर्ता गर्ने मोद्रिक सीमा 50 लाखबाट 60 लाख, उच्च अदालतका लागि 1 करोडबाट २ करोड र सर्वोच्च अदालतका लागि 2 करोडबाट 5 करोड रुपैयाँ गरिएको छ ।

****** ० ******

**भारत-एआई फैलोशिप**

इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्रालयले यांत्रिक बुद्धिमत्ता अर्थात् मेकानिकल इन्टेलिजेन्स, एआई फेलोशिपका लागि आवेदन आह्वान गरेको छ । यसका लागि B.Tech र M.Tech विद्यार्थी योग्य रहने छन् । मन्त्रालयले मेकानिकल इन्टेलिजेन्सको क्षेत्रमा विद्यावारिधि फेलोसिप प्रदान गर्नका लागि उत्कृष्ट 50 अनुसन्धान संस्थासँग सहकार्य गर्न पनि आग्रह गरेको छ । आवेदन यस महिनाको 30 तारिख सम्म गर्न सकिनेछ अनि आवेदन गर्नको निम्ति वेबसाइट रहेको छ india.ai.gov.in । इंडिया एआई मिशनको उद्देश्य मेकानिकल इन्टेलिजेन्स, एआईको लाभलाई समाजको सबै वर्गमा पुर्याउनु हो। यसको उद्देश्यहरूमा भारतलाई यांत्रिक बुद्धिमत्ता, एआईको क्षेत्रमा भारतलाई अग्रणी अनि आत्मनिर्भर बनाउनु तथा एआईको नैतिकम अनि उत्तरदायित्वपूर्ण उपयोग गर्न सामेल रहेको छ ।

****** ० ******